निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।०४

काठमाडौं, बैशाख ४ । माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको समुपस्थितिमा निर्वाचन आयोगमा आज आयोजित समारोहमा निर्वाचन आयोगका सचिव गोपीनाथ मैनाली र नेपालका लागि चीनका राजदूत यु होङबीच निर्वाचन सामग्री उपलब्ध गराइएको पत्रमा हस्ताक्षर भई कागजात आदान प्रदान भयो ।

चीन सरकारले २०७४ साल वैशाख ३१ गते हुने निर्वाचनका लागि आवश्यक पर्ने ११ प्रकारका निर्वाचन सामग्री निर्वाचन आयोगलाई उपलब्ध गराइसकेको छ । नेपाल सरकारको अनुरोधमा चीन सरकारले आगामी स्थानीय तहको निर्वाचनका लागि करिब १४ करोड ४० लाख रुपियाँ बराबरको निर्वाचनको सामग्री उपलब्ध गराएको हो । चीनबाट जेलपेन, स्ट्याम्प प्याड, स्टायाम्प प्याड मसी, क्यालकुलेटर, स्केल, पञ्चिङ मेसिन, टेबल घडी, कैची, ग्लुस्टिक, रबरम्याट सहयोग प्राप्त भएका हुन् ।

समारोहमा प्रमुख निर्वाचन आयुक्त माननीय डा. यादवले आयोग आगामी स्थानीय तहको निर्वाचनको जिम्मेवारी पूरा गर्ने दौडमा रहेका बेलामा चीन सरकारबाट सहयोगस्वरूप निर्वाचनसम्वन्धी सामग्री प्राप्त भएकोमा आभार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “नेपाल र चीनबीच रही आएको मित्रवत् र न्यानो सम्बन्ध विस्तारमा थप योगदान मिलेको छ, सहयोगप्रति आभार व्यक्त गर्दछु । निर्वाचनको जिम्मेवारी पूरा गर्न कार्ययोजनाअनुरूप आयोगले निरन्तर काम गर्ने छ ।

आयोगका सचिव मैनालीले आगामी स्थानीय तहको निर्वाचनलाई स्वच्छ र स्वतन्त्र बनाउन चीन सरकारबाट भएको सहयोगप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

चीनका राजदूत यु होङले चीन र नेपालबीचको सम्बन्ध निकै सुमधुर रहेको चर्चा गर्दै चीनले नेपालको पर्यटन, व्यापार, भौतिक पूर्वाधार निर्माण, ऊर्जाजस्ता क्षेत्रमा सहयोग र लगानी गर्दै आएको बताउनुभयो । स्थानीय तहको निर्वाचनमा सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्दै उहाँले निर्वाचनको सफलताका लागि शुभकामना दिनुभयो ।

निर्वाचन आयोगका सहसचिव नवराज ढकालले नेपालको भौतिक पूर्वाधार र अन्य सामाजिक विकासमा चीनको ठूलो सहयोग रहँदै आएको र संविधान कार्यान्वयनका सन्दर्भमा हुन लागेको निर्वाचनमा भएको सहयोग अर्थपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । आयोगले निर्वाचनको जिम्मेवारी पूरा गर्ने सिलसिलामा अत्यावश्यक सामग्री छिमेकी मुलुक भारत, चीन तथा संयुक्त राष्ट्रसघीय विकास कार्यक्रमजस्ता संस्थाबाट सहयोग स्वरूप लिने छ ।

सूर्यप्रसाद शर्मा

सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np